☎:०१-६६१९६२५

# सूर्यविनायक नगरपालिका
# Suryabinayak Municipality
## नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
कटुञ्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल
Katunje, Bhaktapur, Bagmati Province, Nepal

पत्र संख्याः ०७९/०८०
चलानी नं.: ९८२

मितिः २०७९।०४।२५

**नगरपालिकाको भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

नेपाल सरकारबाट जारी भू-उपयोग ऐन,२०७६ तथा नियमावली, २०७९ बमोजिम यस नगरपालिका क्षेत्रभित्रको भू-उपयोग वर्गीकरण गर्ने प्रयोजनको लागि नगरपालिकाको तर्फबाट भूउपयोग कार्यविधिको मस्यौदा तयार पारिएको व्यहोरा जानकारीको लागि अनुरोध छ । ऐन तथा नियमावलीमा भएको प्रावधान बमोजिम नगरपालिकाभित्र भूउपयोग क्षेत्र वर्गीकरण गर्ने क्रममा तपसिल बमोजमका बुँदाहरुलाई समेत आधार मानी कार्यविधिको मस्यौदा तयार गरिएकोले उक्त मस्यौदालाई अन्तिम रुप दिनको लागि नगरपालिकामा क्रियाशील राजनीतिक दल, संघसंस्था, नागरिक समाज, संचार माध्यम र आम नागरिकबाट कार्यविधिको मस्यौदा उपर आफ्नो राय, सल्लाह एवं सुझाव उपलब्ध गराइदिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. हालसम्म भूमिको उपयोग मूल्याङ्कन गर्दा बाटोलाई प्रमुख आधार मानेर गरिदै आएकोले नगरपालिकाभित्र भूउपयोग क्षेत्र वर्गीकरण सोही आधारमा गरिनेछ ।
२. नगरपालिका क्षेत्रभित्र ८ मिटर वा सो भन्दा फराकिलो बाटोले जोडिएको सम्पूर्ण कित्ता जग्गाहरु व्यवसायिक क्षेत्र हुने छ। तर पर्यटकीय क्षेत्रको हकमा ६ मिटर वा सो भन्दा बढी फराकिलो बाटो भएको क्षेत्र समेत व्यवसायिक क्षेत्रको रुपमा वर्गीकरण गरिनेछ।
३. नगरपालिका क्षेत्रभित्र ८ मिटर भन्दा कम (६ मिटर, ४ मिटर, १० फिट वा गोरेटो बाटो) चौडाइको बाटोले जोडिएका सम्पूर्ण कित्ता जग्गाहरु आवासीय क्षेत्र हुनेछ।
४. सार्वजनिक, पर्ति, वन क्षेत्र, खोला र खोल्सी, सम्पदा आदिसंग जोडिएको जग्गाहरु आवासीय क्षेत्र हुनेछ।
५. साविकको राजकुलो बाटोको रुपमा रुपान्तरण भैसकेको हकमा त्यस्तो बाटोले छोएको सम्पूर्ण कित्ता जग्गाहरु आवासीय हुनेछ।
६. नापी नक्सामा बाटो नभएको तर परम्परागत रुपमा अथवा चलन चल्तीमा बाटोको रुपमा प्रयोग भएको जग्गाको हकमा नगरपालिकाको भवन निर्माण तथा घरनक्सा पास कार्यविधि, २०७८ बमोजिम सार्जमीन मुचुल्का गरी बाटो कायम भई त्यस्तो बाटोले छोएका सम्पूर्ण कित्ता जग्गाहरु आवासीय हुने छ।
७. बाटोसंग जोडिएका एकै व्यक्ति वा एकाघरको परिवारको सदस्यको नाममा स्रेस्ता पुर्जा कायम रहेको जग्गासंग जोडिएका सबै कित्ता जग्गाहरु आवासीय हुनेछ।
८. नापी नक्सामा कुनैपनि किसिमको बाटो, राजकुलो , खोला र खोल्सी, पर्ति, सार्वजनिक जग्गा, सम्पदा वा वनक्षेत्रले नछोएको जग्गाहरु हाललाई कृषि क्षेत्र हुने छ। नापी नक्सामा बाटो नभएको कारणले कृषि क्षेत्र कायम भएका कित्ता जग्गाहरुको हकमा प्रचलित कानून बमोजिमको आधार सहित सम्बन्धित जग्गाधनीले

राजेन्द्र प्रसाद कडेल
प्रमुख प्रशासकीय अधिकृत

☎:०१-६६१९६२५

# सूर्यविनायक नगरपालिका
# Suryabinayak Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive
कटुञ्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल
Katunje, Bhaktapur, Bagmati Province, Nepal

पत्र संख्या: ०८१/०८०
चलानी नं.: ७८२
मिति:..............................

भू-उपयोग परिवर्तन गर्न स्थानीय भूउपयोग परिपदमा निवेदन दिएमा वा स्थानीय भूउपयोग परिपदको निर्णयले आवधिक रुपमा आवश्यकतानुसार कृषि क्षेत्रबाट अन्य क्षेत्रमा भूउपयोग क्षेत्र परिवर्तन हुनेछ ।

भू-उपयोग कार्यविधिको मस्यौदा नगरपालिकाको वेबसाईट www.suryabinayakmun.gov.np बाट डाउनलोड गरी हेर्न सकिने छ । कार्यविधिको मस्यौदा र **उपरोक्त बमोजिमका आधारहरुको सम्बन्धमा यो** सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र तपसिलको माध्यमबाट आफ्नो राय, सल्लाह एवं सुझाव लिखित रुपमा पठाइदिनुहुन निर्णयानुसार अनुरोध छ ।

क. नगरपालिकाको इमेल ठेगाना: official@suryabinayakmun.gov.np
ख. नगरकार्यपालिकाको कार्यालयमा कार्यालय समयभित्र लिखित रुपमा ।
ग. १० वटै वडा कार्यालयमा कार्यालय समयभित्र लिखित रुपमा ।
घ. नगरपालिकाको आधिकरिक फेसबुक पेज https://www.facebook.com/www.suryabinayakmun.gov.np मार्फत ।

२०८१।०४।१८

(राजेन्द्र प्रसाद कडेल)
प्रमुख प्रशासकीय अधिकृत